शुभारम्भ...शिवम्सँग

**SHIVAM CEMENT**
ASALI OPC CEMENT
SINCE 2003

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मिति: २०८२।०९।१५ गते ।

च. नं. १२५।०८२।०८३

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

सिंहदरबार प्लाजा, काठमाडौं ।

**विषय: आ.व. २०८१/०८२ को वार्षिक साधारण सभाको काम कारवाहिको विवरण ( माइन्युट) पठाइएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको मिति २०८२।०८।२५ मा सम्पन्न भएको आ.व. २०८१।०८२ (दशौं वार्षिक साधारण सभा) को काम कारवाहीको विवरण (माइन्यूट) को प्रति यसै साथ संम्लग्न राखी पेश गरेको व्यहोरा अनुरोध छ । साथै उक्त काम कारवाहीको विवरण (माइन्यूट) कम्पनी ऐन २०६३ को दफा ७५ को उपदफा (३) बमोजिम शेयरधनीहरुको जानकारीका लागी २०८२।०९।१६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिने व्यहोरा निवेदन गर्दछौं ।

**सम्लग्न:**

१. आ.व. २०८१।०८२ को वार्षिक साधारण सभाको निर्णयको प्रति ।

सहयोगका लागि धन्यवाद ।

भवदीय,

(लेखनाथ अर्याल)

कम्पनी सचिव

# शिवम् सिमेन्ट्स लिमिटेडको

# आ. व. २०८१।०८२ को वार्षिक साधारण सभाको काम कारवाहीको विवरण

# (माइन्युट) :

**१. सभाको प्रारम्भः**

शिवम् सिमेन्ट्स लि. को संचालक समितिको मितिः २०८२।०७।३० गते बसेको १४२ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ. व. २०८१।०८२ को, (दशौं) बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम यस कम्पनीका सञ्चालक समितिका अध्यक्ष श्री गौरव गोयलको अध्यक्षतामा तल उल्लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय भयो :

**२.. सभाको मिति, स्थान र समय :**

मितिः २०८२ साल मंसिर २५ गते, बिहिबार (११ डिसेम्बर २०२५)

स्थान : राष्ट्रिय सभा गृह, प्रर्दशनी मार्ग, काठमाडौं ।

समयः विहान १० : ३० बजे ।

**३. सभाको सूचनाः**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभाको सूचना तथा आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मितिः **२०८२।०८।०२ गतेको आर्थिक राष्ट्रिय दैनिक र मिति २०८२।०८।०३ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक** पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयहरुको सूचि सहितको सूचना शेयरधनी महानुभावहरुमा जानकारी तथा उपस्थितीका लागि प्रकाशित गरिएको थियो ।

**४. छलफलको विषय तथा प्रस्तावहरु :**

(क) सामान्य प्रस्तावहरुः

(१). कम्पनी सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने बारे ।

(२). लेखापरीक्षकको बार्षिक प्रतिवेदन सहित २०८२ आषाढ मशान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०८१।०८२ को नाफा नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले. प. सम्बन्धि अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने बारे ।



SHIVAM CEMENTS LIMITED

(३). कम्पनीको आ. व. २०८२।०८३ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने बारे ।

(४). संचालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८१।०८२ को मुनाफा रकम (Retained Earnings) बाट चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।- (पाँच अरब पैतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) को १० (दश) प्रतिशतका दरले हुन आउने रु. ५४,५६,८०,८५०।– (चौवन्न करोड छपन्न लाख असी हजार आठ सय पचास रुपैंया मात्र) (कर सहित) नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

(५). कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेको संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनीसंग गरेको कारोवार विवरणलाई अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने बारे ।

(६). कम्पनी सञ्चालक समितिको निर्णयले रित्त रहेको संचालक संख्या १ बाँकी कार्यकालका लागि संचालक समितिले गरेको नियुक्ति तथा मनोनयनलाई सभाबाट अनुमोदन गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने बारे ।

(७). विविध ।

(ख). विशेष प्रस्तावहरु:

(१). सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८१।०८२ को मुनाफा रकम (Retained Earnings) बाट चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।- (पाँच अरब पैतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) को २·५० % (दुई दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु. १३,६४,२०,२१२।५० (तेह्र करोड चौसठ्ठी लाख बीस हजार दुई सय बाह्र रुपैयाँ र पचास पैसा) बराबरको रु. १०० दरका १३,६४,२०२.१२५ (तेह्र लाख चौसठ्ठी हजार दुई सय दुई दशमलव एक दुई पाँच) थान बोनस शेयर वितरण गर्ने सम्बन्धि बिशेष प्रस्ताव पारित गर्ने बारे ।

(२). प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव :

वोनस शेयर वितरण गर्ने सम्बन्धी विशेष प्रस्ताव पारित भए पश्चात कम्पनीको जारी तथा चुक्ता पूँजी मा प्रभाव परी पूँजी बृद्वि हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र ६ को (ग) संशोधन पारित गर्ने बारे ।

५. उपस्थिती:

(क). सञ्चालकहरु:

(१) श्री गौरव गोयल सञ्चालक अध्यक्ष

SHIVAM CEMENTS LIMITED

(२). श्री अन्जनी नन्दन मारु — सञ्चालक तथा प्रबन्ध निर्देशक

(३). श्री गौरव शारडा — सञ्चालक सदस्य

(४). श्री शैलजा राई — सञ्चालक सदस्य

(५). श्री शिरोमणी ढकाल — स्वतन्त्र सञ्चालक

(६). श्री सुशिल गुप्ता — सञ्चालक सदस्य

(ख). आमन्त्रित अतिथी महानुभावहरु :

(१). श्री कम्पनी रजिष्ट्रारको कार्यालयका उपरजिष्ट्रार श्री राम प्रसाद ज्ञवाली

(ग). कम्पनी व्यवस्थापन तह :

(१). श्री अधिवक्ता लेखनाथ अर्याल — कम्पनी सचिव

(२). श्री विवेकानन्द शर्मा — प्रमुख (उत्पादन)

(३). श्री रुपक कुमार खड्का — प्रमुख (माइन्स)

(४). श्री निखिल अग्रवाल — सेल्स एण्ड मार्केटिँग प्रमुख

(४). श्री सि. ए. ज्योति थापा — वित्त तथा लेखा प्रमुख

(घ). शेयरधनीहरुको उपस्थिति:

जम्मा उपस्थित सख्या: ५५३ जना

६. गणपुरक संख्या :

| विवरण | कुल शेयरधनी संख्या | जम्मा उपस्थिति संख्या | कूल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|
| शेयर धनीहरुको संख्या | ५९९०३ जना । | ५५३ जना | ५१ · ५७ % (एकाउन्न दशमलव पाँच सात) प्रतिशत । |
| शेयरधनीहरुले ग्रहण गरेको शेयर कित्ता | ५,४५,६८,०८५ थान | २,८१,४०,१४४ थान | |

७. सभाको वैधानिकता र सभाको अध्यक्षता:

(क). कम्पनी ऐन २०६३ को दफा ७३ र कम्पनीको नियमावलीको नियम नं २३ अनुसार साधारण सभाको गणपुरक संख्या बाँडफाँड भएको कूल शेयर संख्याको ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरु मध्ये कम्तिमा ७ जना शेयरधनीहरुको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम कम्पनीको दशौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरु स्वयम् र प्रतिनिधी (प्रोक्सी) समेतको संख्या ५५३ जना भएको र कूल शेयरको ५१ · ५७ % (एकाउन्न दशमलव पाँच सात) प्रतिशत

प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभा संचालनका लागि गणपुरक सँख्या पुगेको प्रमाणित गरी प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको सभालाई जानकारी गराउनु भयो ।

(ख). कम्पनी सचिवले शेयरधनी महानुभावहरु सबैलाई स्वागत अभिवादन गर्दै आसन ग्रहणका लागि अनुरोध गर्नु भयो र तत्पश्चात् उपस्थित अध्यक्ष, सञ्चालकहरु, शेयरधनीहरु, लेखापरीक्षक, कम्पनी रजिष्ट्रारको कार्यालयका उप–रजिष्ट्रारज्यू, विभागीय प्रमुखहरुको जिम्मेवारीमा रहनु भएका अधिकृतहरुको परिचय गराँउदै आसन ग्रहण गर्न उहाँहरुलाई अनुरोध गरी सभाको कार्य अगाडी बढाउनु भयो ।

(ग). कम्पनीको नियमावलीमा व्यवस्था भए बमोजिम सभाको सभापतित्व सञ्चालक समितिका अध्यक्षले गर्ने जानकारी गराँउदै कम्पनीको दशौं वार्षिक साधारण सभा शुरु गर्न अध्यक्ष श्री गौरव गोयललाई कम्पनी सचिवले अनुरोध गर्दा अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्दै सभा संचालन गर्न कम्पनी सचिवलाई निर्देशन गर्नु भयो ।

**८. आ. व. २०८१।०८२ को वार्षिक प्रतिवेदनको प्रस्तुती :**

सभाका अध्यक्षले औपचारिक रुपमा सभा शुरु भएको घोषणा गर्नु भयो र पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आ. व. २०८१।०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन तथा चालु आ. व. २०८२।०८३ को हालसम्मको संक्षिप्त प्रगति विवरण अध्यक्षले साधारण सभामा आफ्नो मन्तव्य सहित पढेर सुनाउनु भयो ।

**९. छलफलको लागि आव्हान र सहभागि शेयरधनी महानुभावहरु :**

(क). तत्पश्चात अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले कम्पनीको आ. व. २०८१।०८२ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन, २०८२ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ. व. २०८१।०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका सम्पूर्ण विषय माथि आ आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै प्रश्न, राय, सुझाव, शुभकामना, टिप्पणी भए मौखिक तथा लिखित जानकारी गराउन शेयरधनी महानुभावहरु समक्ष अनुरोध गर्नुभयो । देहायका शेयरधनी महानुभावहरुले छलफलको क्रममा सहभागि भई देहाय अनुसारको प्रश्न तथा राय सुझावहरु व्यक्त गर्नु भयो ।

**(ख). छलफलमा सहभागि भई मौखिक रुपमा राय सुझाव पेश गर्ने शेयरधनी महानुभावहरुको विवरण :**

(१). श्री शत्रुघन श्रेष्ठ, (२). श्री ब्यास कुमार शर्मा , (३). श्री गुणराज भट्ट, (४). श्री निरुपमा गुप्ता, (५). श्री इन्द्र प्रसाद लामिछाने, (६). श्री नरसिङ लाल चंखु, (७). श्री उत्तम पाठक, (८). श्री कृष्ण प्रसाद अधिकारी, (९). श्री रोज कुमार श्रेष्ठ , (१०). श्री विषेश अमात्य, (११). श्री सुदिन श्रेष्ठ, (१२). श्री प्रमोद देव शाक्य, (१३). डमरु बल्लभ घिमिरे, (१४). लभराज जोशी ।

**(ग). लिखित रुपमा राय सुझाव दिनु हुने शेयरधनी महानुभावहरुको विवरण :**

(१).श्री जगन्नाथ आचार्य, (२).श्री चन्द्र नारायण श्रेष्ठ,(३).श्री ब्रम्हदेव शाक्य, (४). श्री गोविन्द बहादुर के.सि. ।

**१०. छलफलमा सहभागी शेयरधनी महानुभावहरुले व्यक्त गर्नुभएका सुझाव, मन्तव्य तथा जिज्ञासाको सारांश:**

SHIVAM CEMENTS LIMITED

देशमा निर्माण क्षेत्रको विकासको गति न्यून रहेको र आर्थिक मन्दि रहेको अवस्थामा पनि कम्पनीले आ. व. २०८१।०८२ को परफरमेन्स एकदम राम्रो रहेको, ठूलो मात्रामा खर्च कटौती भएको र मुनाफा रकम आर्जन गर्न सफल भएकोमा धन्यवाद व्यक्त गर्नु भयो । साथै गत बर्षको मुनाफा Retained Earnings बाट २. ५० प्रतिशत वोनस शेयर र १० प्रतिशत (कर सहित) नगद लाभाँस सहित कुल जम्मा १२.५०(बाह्र दशमलव पाँच शून्य) प्रतिशतको लाभाँस वितरण गर्ने प्रस्ताव अत्यन्त सकारात्मक रहेको छ । प्रशासनिक र उत्पादन खर्चमा कमी देखिएको छ । विक्री खर्च घट्दा कम्पनीको नाफा बढ्ने थियो भनी आ आफ्नो धारण राख्नु भयो । कम्पनीले सहायक कम्पनी मार्फत होङशी शिवम् सिमेन्टमा गरेको लगानीको प्रतिफल प्राप्त गरिरहेको । ताँहाँबाट धेरै प्रतिफल आउन सके राम्रो हुने थियो । कम्पनीले अन्य सहायक कम्पनीहरुमा गरेको लगानीको प्रतिफल पनि आउने बर्षहरुमा आउनेछन भनी आशा व्यक्त गर्नु भएको । कम्पनीको उत्पादन सिमेन्टको उच्च गुणस्तरमा संधै चनाखो भई ध्यान दिनु पर्ने सुझाव दिंदै गुणस्तर नै शिवम्को पहिचान भएकोले उच्च गुणस्तरीयता संधै कायम राख्न तर्फ मुख्य ध्यान दिनु पर्ने धारण राख्नु भयो । कम्पनीले व्यवस्थापन पक्षमा ध्यान दिएकोमा प्रतिष्ठित संस्थाहरुले कम्पनीलाई अवार्ड प्रदान गरेकोमा बधाई दिनु भयो । यो शिवम सिमेन्ट कम्पनी नेपालकै प्रतिष्ठित कम्पनी भएको हुनाले उद्योगले प्राप्त गरेको भौतिक लगायतका अन्य उपलब्धीहरु समेत आगामी वार्षिक प्रतिवेदनमा समेट्न सके राम्रो हुने । राष्ट्रिय गौरवका आयोजनामा शिवम् सिमेन्ट प्रयोग भएकोमा खुशी व्यक्त गर्नु भयो । बजारमा सिमेन्टको मागमा कमि आई नाफा संकुचन र लागत बढेको अवस्थामा लगानी विविधकरण गरी आम्दानी बढि हुने क्षेत्रमा लगानी बढाउनु पर्ने, बिक्री घट्दा पनि नाफा बढेको अवस्थामा विक्री बढाउन सुझाव दिनु भयो ।

कम्पनी ऐन, २०६३ ले तोकेको समय सिमा भित्रै मंसिर महिनामा नै साधारण सभा आयोजना गरेको भएता पनि आगामी बर्ष अलि अगाडी अन्य कम्पनीसंग नजुध्ने गरी बार्षिक साधारण सभा गर्न सल्लाहा दिनु भयो । आ.व. २०८०।०८१ सम्म्को Full Audit सम्पन्न भैसकेको राम्रो छ । कम्पनीसंग सम्बन्धित मुद्दाहरु छिटो निर्णय गराउन सके राम्रो हुने थियो भनी विचार राख्नु भयो । आम्दानी बढाउन र खर्च घटाउन सुझाव दिनु भयो । अन्य स्थानमा सिमेन्ट प्लाण्टहरु समेत स्थापना गरी कम्पनीलाई अगाडी बढाउनु उपयुक्त हुनेछ भनी सल्लाहा दिनु भयो । कम्पनीले सर्व साधारणमा शेयर जारी गरेपछि हरेक वर्ष शेयरधनीहरुलाई हात खाली नराखी लाभाँस वितरण गरिरहनु भएकोमा धन्यवाद दिदै कम्पनीको उत्तरोउत्तर प्रगतिको शुभकामना दिनु भयो । सहायक कम्पनी मार्फत होङशी शिवम् सिमेन्ट प्रा. लि.मा गरेको ठूलो लगानीबाट यथेष्ट मुनाफा प्राप्त हुनु पर्ने साथै उक्त कम्पनीको वासलात पनि यस कम्पनीको प्रतिवेदनसंगै समावेश हुनु पर्ने राय दिनु भयो । त्यसै गरी प्रभु बैंकको संस्थापक शेयरमा गरेको लगानी हालको शेयर बजार मूल्य कमि देखिएको र हिमालयन लार्ज क्यापमा गरिएको लगानी उपयूक्त भएन की भनी प्रश्न गर्नुभयो । साधारण सभामा संचालक समितिले छलफल गरी पारित गर्न प्रस्तावित सबै साधारण प्रस्तावहरु र विशेष प्रस्तावहरु प्रति हाम्रो समर्थन रहेको छ भनी जानकारी गराउनुका साथै आगामी वर्षको व्यापार प्रवर्द्धन र मुनाफा बृद्धिमा विशेष जोड दिन र ग्राहकहरुको सम्बन्धलाई विशेष ख्याल राख्न शेयरधनीसँग राय सुझाव लिने प्रणाली थप विकास गर्नुपर्दछ भनी सुझाव दिदैं हरेक वर्ष २०–२५% लाभांस दिने अपेक्षा राख्दै, कर्मचारी वर्गलाई थप मोटिभेसन गर्न तर्फ ध्यान दिनु पर्दछ ।

एस.सि.एल. इन्भेष्टमेन्ट प्रा.लि. मार्फत विभिन्न २३ वटा कम्पनीहरुमा गरेको लगानी अवस्था समेत विस्तृत रुपमा खुलाउन अनुरोध गर्नुभयो ।

उद्योगमा कोइला र डिजल इन्धनको प्रयोग न्यून गर्नु पर्दछ । स्वास्थ्य, शिक्षा र पूर्वाधार विकास तर्फ CSR मा गरेको खर्च ठीक छ । शिवम् सिमेन्टले OPC सिमेन्ट मात्रै उत्पादन गरी आएकोमा अब PPC सिमेन्ट पनि उत्पादन गर्न उपयूक्त हुन्छ भनी राय सुझावहरु पेश गर्नुभयो । साथै साधारण सभाको सफलताको शुभकामना दिँदै प्रस्तावित सामान्य र विशेष प्रस्तावहरु पारित गर्न अन्य शेयरधनीहरुलाई समेत आग्रह गरी शुभकामना व्यक्त गर्नु भयो । आदि ।

११. सभामा शेयरधनी महानुभावहरुले प्रकट गर्नु भएको जिज्ञाशा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञाशा, सुझाव, टिप्पणी तथा प्रश्नहरुको जवाफ सभाका अध्यक्ष श्री गौरव गोयलले स्पष्ट रुपमा कम्पनीको समग्र अवस्था हालको बजारको स्थिती, विकास निर्माणका कार्यमा आएको शिथिलता, सरकारी बजेटको हिस्सा विकास निर्माणमा खर्च नहुनु, नेपालमा निर्माण उद्योगमा आएको शिथिलता, आर्थिक मन्दिको अवस्था, देशमा सिमेन्ट तथा क्लिङ्कर उत्पादन गर्ने उद्योगहरुको अत्याधिक जडित उत्पादन क्षमता समेतका कारणले गर्दा प्रशासनिक खर्च कटौती गरी मुनाफामा बढोत्तरी ल्याउने कार्य भएको छ । हामी संचालक तथा व्यवस्थापन सहितको सम्पूर्ण टिम उद्योगको प्रगतिका लागि प्रयत्नरत रहेको तथा यहाँहरुको राय, सुल्लाहा, सुझाव , टिप्पणी र शुभकामना समेतलाई स्वभाविक रुपमा ग्रहण गरी क्रमश: कार्यान्वयन गरी शेयरधनीहरुलाई हरेक बर्ष उचित र आर्कर्षक प्रतिफल प्रदान गर्न सधै लागि रहने विश्वास दिलाँउदै संचालक समितिको निर्णय बमोजिम सभा समक्ष प्रस्तुत गरिएको वोनस शेयर २ .५० प्रतिशत र १० प्रतिशत नगद लाभाँस (कर सहित) १२.५०% (बाह्र दशमलव पाँच शून्य) प्रतिशतका दरले आ. व. २०८१।०८२ को मुनाफाबाट लाभाँस वितरण गर्न गरिएको प्रस्ताव सहितको सामान्य र विशेष प्रस्तावहरु समेत पारित गरि सभा सम्पन्न गर्न सहयोग पुर्‍याउन हुन आग्रह गर्दै जिज्ञाशा र प्रश्नहरुको जवाफ प्रस्तुत गर्नु भयो ।

१२. सभाको निर्णयहरु:

(क) सामान्य प्रस्तावतर्फको निर्णयहरु:

निर्णय नं.१ : कम्पनी संचालक समितिको तर्फबाट सभामा अध्यक्षज्यूबाट प्रस्तुत आ. व. २०८१।०८२ को कम्पनी सञ्चालक समितिको वार्षिक प्रतिवेदन अध्यक्षज्यूबाट स्वीकृतिका लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गर्‍यो ।

निर्णय नं. २ : कम्पनीको लेखापरीक्षकको प्रतिवेदन सहितको २०८२ आषाढ मशान्तको वासलात तथा सोही मितिमा समाप्त आ. व. २०८१।०८२ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण सहितका अनुसूचीहरु समेत पारित गरियोस भनी अध्यक्षबाट सभा समक्ष प्रस्ताव पेश गरिएकोमा सभाले वासलात लगायतका सम्पूर्ण वित्तीय विवरणहरु एवं संलग्न अनुसूचीहरु समेतलाई सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : कम्पनीको आ. व. २०८२।०८३ को आय व्ययको लेखापरीक्षण कार्य गर्नका लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गरियोस भनी अध्यक्षले सभा समक्ष प्रस्ताव पेश गर्नु भएकोमा सभाले

कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम श्री सुवास एण्ड कम्पनी चार्टड एकाउण्टेण्ट्स, काठमाडौंलाई लेखापरीक्षकमा नियुक्ति गर्ने र निजलाई लेखापरीक्षण कार्य गरे वापत रु. १०,००,०००। (दश लाख) मात्र पारिश्रमिक निर्धारण गर्ने सर्वसम्मतिबाट निर्णय पारित गरियो ।

*निर्णय नं. ४ :* कम्पनीमा कायम शेयरधनीहरुलाई आ. व. २०८१।०८२ सम्मको मुनाफा रकम Retained Earnings बाट चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।- (पाँच अरब पैतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) को १० (दश) प्रतिशतका दरले हुन आउने रु. ५४,५६,८०,८५०।– (चौवन्न करोड छपन्न लाख असी हजार आठ सय पचास रुपैंया मात्र) (वोनस शेयरमा लाग्ने कर प्रयोजनका लागि समेत) नगद लाभाँस वितरण गर्ने प्रस्ताव पारित गरिदिन सभा समक्ष प्रस्तुत गरिएकोमा उक्त प्रस्ताव सर्व सम्मतीले पारित गर्ने निर्णय गर्‍यो ।

*निर्णय नं. ५ :* कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा सञ्चालक सम्बद्ध रहेका संस्थासंग तथा यसै संस्थासंग सम्बद्ध कम्पनी, सहायक कम्पनी तथा संस्थाहरुसंग गरेको वार्षिक प्रतिवेदनमा उल्लेखित विवरण बमोजिमको कारोवारलाई अनुमोदन वा पारित गर्न भनी अध्यक्षले प्रस्ताव प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्तावलाई सर्व सम्मतीले अनुमोदन तथा पारित गरी आगामी दिनहरुमा समेत आवश्यकतानुसार कारोवर गर्न सर्वसम्मतीले स्वीकृति दिने निर्णय पारित गरियो ।

*निर्णय नं. ६ :*

प्रस्ताव नं. ६ मा यस कम्पनीको मितिः २०७९।०९।२९ गते सम्पन्न भएको सातौ बार्षिक साधारण सभाको निर्णयले ४ बर्षे कार्यकालका लागि निर्वाचित, संचालकहरु मध्ये संचालक श्री रघु नन्दन मारुले संचालक एवं प्रबन्ध निर्देशक पदबाट दिएको राजीनामा मितिः २०८२।०५।२९ मा बसेको संचालक समितिको बैठकले निजको राजीनामा स्वीकृत भई रिक्त रहन आएको संचालक पद संख्या १ संचालकको बाँकी कार्यकालका लागि मितिः २०८२।०६।२६ गतेको संचालक समितिको बैठकको निर्णयले श्री अन्जनी नन्दन मारुलाई बाँकी कार्यकालका संचालक एवं प्रबन्ध निर्देशक पदमा गरिएको मनोनयन, नियुक्तीलाई अनुमोदन गर्ने प्रस्ताव प्रस्तुत गरिएकोमा सभाले सर्व सम्मतीले उक्त एक जना सञ्चालकको मनोनयन नियुक्तीलाई अनुमोदन गर्ने सम्बन्धि निर्णय सर्व सम्मतीले पारित गरियो ।

*७). विविध :*

समान्य प्रस्ताव तर्फ विविध शिर्षक अन्तरगत छलफल गर्दा कम्पनी संचालक समितिले आ.व. २०८१।०८२ मा गरेका सबै निर्णय तथा काम कारोबारलाई अनुमोदन गर्ने निर्णय भयो । साथै कम्पनीको नियमित काम कारोवार संचालन गर्नाका लागि आवश्यक पर्ने सबै कार्यहरु गर्न गराउन कम्पनी संचालक समितिलाई पूर्ण अख्तियारी दिने निर्णय सर्व सम्मतीले पारित गरियो ।

SHIVAM CEMENTS LIMITED * NEPAL *

*(ख) विशेष प्रस्तावहरुतर्फको विशेष निर्णयहरु:*

*१). कम्पनी सञ्चालक समितिले प्रस्ताव गरे अनुसार कम्पनीमा कायम शेयरधनीहरुलाई आ.व. २०८१।०८२ को मुनाफा रकम (Retained Earnings) बाट चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।- (पाँच अरब पैतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) को २·५० % (दुई दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु. १३,६४,२०,२१२।५० (तेह्र करोड चौसठ्ठी लाख बीस हजार दुई सय बाह्र रुपैयाँ र पचास पैसा) बराबरको रु. १०० दरका १३,६४,२०२.१२५ (तेह्र लाख चौसठ्ठी हजार दुई सय दुई दशमलव एक दुई पाँच) थान बोनस शेयर वितरण गर्न अध्यक्षले सभा समक्ष पेश गर्नु भएकोमा सर्वसम्मतिले पारित गर्ने निर्णय गर्‍यो । साथै बोनस शेयर वितरण गर्दा दशमलव पछि आउने बोनस शेयरको अकंलाई पछि मिलान गर्ने गरी हाललाई दशमलव नै कायम गरी राख्ने व्यवस्था मिलाउने निर्णय भयो ।*

*२). प्रबन्ध पत्र संशोधन सम्बन्धि विशेष प्रस्ताव तर्फको निर्णयहरु :*

*विशेष प्रस्ताव तर्फको निर्णय नं. १ मा भएको निर्णय बमोजिम हाल कायम शेयरधनीहरुलाई चुक्ता पूंजी रु. ५,४५,६८,०८,५००।- (पाँच अरब पैतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) को २·५० % (दुई दशमलव पाँच शून्य) प्रतिशतका दरले हुन आउने रु. १३,६४,२०,२१२।५० (तेह्र करोड चौसाठ्ठी लाख बीस हजार दुई सय बाह्र रुपैयाँ र पचास पैसा) वितरण गरे पश्चात यस कम्पनीको जारी पूँजी र चुक्ता पूँजी बृद्धि भै रु. ५,५९,३२,२८,७१२।५० अक्षेरुपी पाँच अरब उनन्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैँया र पचास पैसा मात्र कायम हुने भएकोले सोही बमोजिम प्रबन्ध पत्र को दफा ६ को (ख) र (ग) संशोधन गर्ने सम्बन्धि विषेश प्रस्ताव सर्व सम्मततिबाट पारित गर्ने निर्णय गरियो । संशोधन पछि कायम हुने प्रबन्ध पत्रको दफा ६ को खण्ड (ख) र (ग) संशोधन सम्बन्धि ३ महले विवरण र संशोधित दफा देहाय अनुसार (सम्लग्नलाई) सर्व सम्मतीले पारित गरियो ।*

*साथै माथि उल्लेखित कम्पनीको विशेष प्रस्ताव तर्फका निर्णय नं. १ र निर्णय नं. २ अनुसारका निर्णयहरु बमोजिमको प्रबन्ध पत्र संशोधन अभिलेख प्रमाणित गरिदिन श्री कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंलाई अनुरोध गर्ने र संशोधन अभिलेख भए पश्चात उक्त बोनस शेयरहरु श्री नेपाल धितोपत्र बोर्ड ललितपुर समक्ष नियमानुसार दर्ता गरी श्री नेपाल स्टक एक्सचेन्च लि.मा सूचिकरण गराउने व्यवस्था मिलाउने निर्णय सर्व सम्मतीबाट पारित गरियो ।*

SHIVAM CEMENTS LIMITED
NEPAL

## शिवम् सिमेन्ट्स लिमिटेड

## को

### प्रबन्धपत्रको दफा ६ (ख) र (ग) मा गरिएको संशोधन सम्बन्धि ३ महले विवरण :

| हाल कायम रहेको व्यवस्था | संशोधन भई कायम हुने व्यवस्था | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| <u>प्रबन्ध पत्रको दफा ६: कम्पनीको पूँजीको संरचना</u> : कम्पनीको पूंजी संरचना देहाय अनुसार हुनेछ ।<br><br>(ख). कम्पनीको जारी पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,४५,६८,०८५ (पाँच करोड पैंतालिस लाख अडसठ्ठी हजार पचासी )थान साधारण शेयरमा विभाजन गरिएको छ । | <u>प्रबन्ध पत्र दफा ६. कम्पनीको पूँजीको संरचना</u> : कम्पनीको पूंजी संरचना देहाय अनुसार हुनेछ ।<br><br>(ख). कम्पनीको जारी पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,५९,३२,२८७.१२५ ( पाँच करोड उनान्सठ्ठी लाख बत्तिस हजार दुई सय सतासी दशमलव एक दुई पाँच )थान साधारण शेयरमा विभाजन गरिएको छ । | <br><br>वार्षिक साधारण सभाको निर्णयले वोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरेपछि साविकको जारी पूंजी बृद्धि हुने भएकोले । |
| (ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,४५,६८,०८,५००।– (पाँच अरब पैंतालिस करोड अड्सठ्ठी लाख आठ हजार पाँच सय रुपैयाँ) हुनेछ । | (ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाई हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ । | वार्षिक साधारण सभाको निर्णयले वोनस शेयर वितरण गर्ने सम्बन्धि विशेष प्रस्ताव पारित गरेपछि साविकको चुक्ता पूंजी बृद्धि हुने भएकोले । |

SHIVAM CEMENTS LIMITED NEPAL

## *शिवम् सिमेन्ट्स लिमिटेड को प्रबन्धपत्रको*

## *<u>दफा ६ को (ख) र (ग) संशोधन</u>*

***<u>दफा ६:– कम्पनीको जारी पूँजीको संरचना:</u>– कम्पनीको पूँजी संरचना देहाय अनुसार हुनेछ ।***

*(ख) कम्पनीको जारी पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,५९,३२,२८७।१२५ (पाँच करोड उनान्सठ्ठी लाख बतीस हजार दुई सय सतासी दशमलव एक दुई पाँच )थान साधारण शेयरमा विभाजन गरिएको छ ।*

*(ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ ।*

***१४. धन्यवाद तथा आभार ज्ञापन** : कम्पनीको वार्षिक साधारण सभामा प्रस्तावित गरिएका समान्य र विशेष प्रस्तावहरु समेत पारित गर्न सहयोग पुर्‍याउने शेयरधनी महानुभावहरु लगायत सभालाई सौहार्दपूर्ण तरिकाले संचालन गर्न सहयोग पुर्‍याउने सबै व्यक्ति तथा संस्थाहरु प्रति कम्पनीका अध्यक्ष श्री गौरव गोयलज्यूले आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्नु भयो ।*

***१५.** अन्त्यमा सभाका सभापति श्री गौरव गोयलज्यूले संचालक समितिको १४२ औं बैठकको निर्णय बमोजिम आज बोलाइएको आ.व.२०८१।०८२ को बार्षिक साधारण सभामा छलफलका लागि प्रस्तावित गरिएका सबै सामान्य प्रस्तावहरु र विशेष प्रस्तावहरु समेत सर्व सम्मतीले पारित गर्न सहयोग पुर्‍याउनु हुने संचालकहरु, शेयरधनी महानुभावहरु, शेयर रजिष्ट्रार, कर्मचारीहरु लगायत सबैलाई धन्यवाद दिँदै शुभ कामना व्यक्त गर्दै १२ : ५५ बजे वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नु हुँदै सभा विसर्जन गर्नु भयो ।*

***<u>प्रमाणित गर्ने:</u>***

***कम्पनी सचिव***

*(अधिवक्ता लेखनाथ अर्याल)*

*मिति: २०८२।०८।२६ गते ।*

SHIVAM CEMENTS LIMITED NEPAL

***सभाका सभापति / सञ्चालक अध्यक्ष***

*(गौरव गोयल)*

शिवम् सिमेन्ट्स लिमिटेड

को

प्रबन्धपत्रको

<u>दफा ६ को (ख) र (ग) संशोधन</u>

**<u>दफा ६:– कम्पनीको जारी पूँजीको संरचना</u>:– कम्पनीको पूँजी संरचना देहाय अनुसार हुनेछ ।**

(ख) कम्पनीको जारी पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००।– का दरका ५,५९,३२,२८७१२५ (पाँच करोड उनान्सठ्ठी लाख बतीस हजार दुई सय सतासी दशमलव एक दुई पाँच )थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग). यस कम्पनीको चुक्ता पूँजी रु. ५,५९,३२,२८,७१२।५० (पाँच अरब उनान्सठ्ठी करोड बत्तिस लाख अठ्ठाईस हजार सात सय बाह्र रुपैयाँ पचास पैसा) हुनेछ ।

SHIVAM CEMENTS LIMITED
NEPAL